सैनिक आवासीय महाविद्यालय, *सल्लाघारी, भक्तपुर* ०१-६६१००५१
सैनिक आवासीय महाविद्यालय, *फुलबारी, पोखरा* ०६१-५२७७४६
सैनिक आवासीय महाविद्यालय, *फुस्रे, धरान* ०२५-५३११५५
सैनिक आवासीय महाविद्यालय, *मंगलगढी, सुर्खेत* ०८३-५२३२११
सैनिक आवासीय महाविद्यालय, *तेघरी, कैलाली* ०९१-५५११९५
सैनिक आवासीय महाविद्यालय, *चैनपुर, चितवन* ०५६-५८३८०३
सैनिक आवासीय महाविद्यालय, *वर्दिवास, महोत्तरी* ९८५१३९६३६६
विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, *विजेश्वरी, काठमाण्डौ* ०१-४२७१४९८
रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालय, *बांसबारी, काठमाण्डौ* ०१-४३७४३३५

# विद्यार्थी भर्ना सम्बन्धी सूचना

आगामी शैक्षिक सत्र २०७८ मा सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान, सुर्खेत, कैलाली, चितवन र वर्दिवासका लागि कक्षा ६, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयका लागि कक्षा १ र ३ तथा रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयका लागि कक्षा १ मा अनुशासित वातावरणमा पूर्ण अंग्रेजी माध्यमबाट अध्ययन/अध्यापन गराउन इच्छुक नेपाली सेनाका सकलदर्जा (बहालवाला तथा भु.पु. सैनिक) तथा गैह्रसैनिक व्यक्तिका छोरा/छोरीहरुको भर्नाको लागि नियमानुसार Online दरखास्त आव्हान गरिन्छ । Online दरखास्त महाविद्यालय/विद्यालयकाको Face Book Page/वेवसाइट www.bsamv.edu.np, www.sampokhara.edu.np, www.samc.edu.np, www.bgmsm.edu.np, www.rsmv.edu.np मार्फत भर्न सकिनेछ ।

## भर्नाको लागि आवश्यक न्यूनतम योग्यता

- नेपाल सरकारको मान्यताप्राप्त विद्यालयबाट २०७७ सालमा कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि २ को र १ का लागि UKG/SKG को पछिल्लो परीक्षामा एग्रीगेटमा कम्तीमा ५०% अंक (न्यूनतम C+ ग्रेड वा GPA 2.4) प्राप्त गरी सबै विषयहरुमा उत्तीर्ण भएको हुनुपर्नेछ ।
- उमेरको हकमा कक्षा ६ का लागि ९ वर्ष पुरा भई १२ वर्ष ननाघेको हुनु पर्नेछ (२०६५ चैत्र ३१ गतेदेखि २०६८ चैत्र ३० गते भित्र जन्मेको हुनु पर्ने) भने अन्य कक्षाहरुको हकमा सोही आधारमा उमेर निर्धारण हुनेछ ।
- भर्ना हुनको लागि महाविद्यालयद्वारा संचालन गरिने Online प्रवेश परीक्षाका सबै विषयहरुमा उत्तीर्ण भई योग्यताक्रम अनुसार दोस्रो चरणका लागि छनौट हुनुपर्ने र अन्तर्वार्तामा समेत उत्तीर्ण हुनुपर्नेछ ।

## पेश गर्नुपर्ने कागजातहरु

- कक्षा ६ का लागि कक्षा ५ को, कक्षा ३ का लागि २ को र १ का लागि UKG/SKG को २०७७/२०७८ सालको पछिल्लो परीक्षाको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि-१
- विद्यार्थीको जन्ममिति समेत उल्लेख भएको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१
- स्थानीय पञ्जीकाधिकारीबाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि-१
- हालसालै खिचिएको तस्वीर-१ प्रति
- बहालवाला सैनिकका छोरा/छोरीको हकमा सम्बन्धित यूनिटका पतिद्वारा प्रमाणित सन्तानको जन्ममिति खुलेको सिफारिसको सक्कल पत्र–१ वा भू.पू. सैनिकका छोरा/छोरीको हकमा पेन्सनपट्टाको प्रतिलिपि-१

## अन्य जानकारी:

- प्रवेश परीक्षा उत्तीर्ण गरी भर्नाका लागि छनौट भएका उम्मेदवारहरुले भौतिक रुपमा कक्षा संचालन हुदा सम्बन्धित कक्षा उत्तीर्ण गरेको चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्र अनिवार्य रुपमा महाविद्यालय/विद्यालयमा पेश गर्नुपर्नेछ ।
- एकपटकमा १ दम्पत्तीको (सैनिक सकलदर्जा तथा महाविद्यालय स्टाफ) केवल १ सन्तानले मात्र कुनै एक सैनिक महाविद्यालय/विद्यालयमा सहुलियतमा अध्ययन गर्ने अवसर पाउनेछ । एक दम्पतीले बढिमा २ सन्तानका लागि यस्तो सुविधा लिन सक्ने छन् । दुई सन्तानले सहुलियतमा अध्ययन गरिसकेको भए पुन: सहुलियत कोटामा दरखास्त दिन पाइने छैन । तर गैर सैनिक सरह शुल्क तिर्ने गरी खुल्ला कोटामा दरखास्त दिनकालागि यस प्रावधानले वाधा पार्ने छैन । माथि उल्लेख गरिए बमोजिम रित नपुगेको वा आवश्यक कागजपत्र संलग्न नभएको पाइएमा Online Form स्वत: रद्द हुनेछ ।
- वीरगति प्राप्त गर्ने वा नियममा सुविधा पाउने भनी उल्लेख गरेका सैनिक सकलदर्जाका सन्ततिहरुलाई पनि नियमानुसार अध्यापन गराउने व्यवस्था मिलाईएको हुंदा भर्ना हुन इच्छुक हुनेले पनि Online Form भरी प्रवेश परीक्षामा सरिक हुन सक्नेछन् ।
- नेपाली सेना सकलदर्जाका अपाङ्गता भएका सन्ततिहरुलाई समेत विशेष व्यवस्था गरी महाविद्यालयमा अध्यापन गराउने नीति भएकोले भर्ना प्रकृया सम्पन्न हुनु पूर्व सम्पर्क गर्न सकिनेछ ।
- Online Form भर्दा सम्बन्धित उम्मेदवारले **Contact Address** मा उल्लेख गरेको मोवाइल नम्वर/**Email** मा मात्र प्रवेश परीक्षाको Link, ID र Passcode पठाइने हुँदा परीक्षामा प्रयोग हुने मोवाइल नम्वर र **Email ID** नै **Online Form** मा उल्लेख गर्नु पर्नेछ ।

१. विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा कक्षा १ (सैनिक कोटातर्फ) तथा कक्षा ३ (गैरसैनिक कोटातर्फ) को हकमा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नै नयां छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन/अध्यापन गराउन इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन् ।

२. रिपूमर्दिनी सैनिक माध्यमिक विद्यालयमा कक्षा १ (सैनिक तथा गैरसैनिक कोटातर्फ) मा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नयां छात्र-छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन/अध्यापन गराउन इच्छुक उम्मेदवारले पनि विस्तृत जानकारीका लागि सम्बन्धित विद्यालयमा सम्पर्क राख्न सकिनेछ ।

## प्रवेश परीक्षा सम्बन्धी कार्यक्रम

| क.सं | कार्यक्रम | मिति | समय |
|---|---|---|---|
| १ | अनलाइन दरखास्त फाराम भर्ने म्याद | २०७८ जेष्ठ ०२ गतेदेखि ऐ १६ गतेसम्म | - |
| २ | अनलाइन ट्रायल परीक्षा | २०७८ जेष्ठ १९ गते | अपरान्ह २:०० वजे |
| ३ | अनलाइन परीक्षा | २०७८ जेष्ठ २१ गते | अपरान्ह २:०० वजे |

*विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालय/विद्यालयमा सम्पर्क राख्न सकिनेछ ।*